

# ११ मानिसलाई प्रेम गर्न परमेश्वरको सत् प्रयास

*यस अध्यायका मूल पदहरू:* यशैया ५५:१-७, यशैया ५५:६-१३, यशैया ५८:१-१२ र यशैया ५८:१३,१३।

*यस अध्यायको मूल सार पद:* **"यदि सम्पूर्ण हृदयले तिमीहरूको हात भोकाहरूका निम्ति फैलाइ दियौ, र अत्याचार र पीडामा परेकाहरूकालाई संतुष्ट पारिदियो भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै उज्यालो हुनेछ" (यशैया ५८:१० रूपान्तरित)।**

एक दिन अमेरिकाको  राज्य नेब्रास्काको लिङ्कन सहरमा रहेको यहूदीहरूको धार्मिक अगुवा र उनको श्रीमतीलाई कसैले फोनबाट अश्लिल शब्दहरू प्रयोग गर्दै धम्क्याउन थाल्यो। ती धम्कीहरू कसले गरेको थियो भनेर खोजनीति गर्दा अमेरिकाको एस समूहको अगुवाले गरेको थियो। त्यो समूह अमेरिकाको कुख्यात घृणा गर्ने समूह कु क्लुक्स क्लान थियो। यी यहूदी दम्पतिले तिनीहरूलाई धम्कि दिनेको पहिचान गरेपछि त्यस अगुवालाई पुलिसकहाँ सुम्पन सक्थे। बरु त्यसको सट्टामा त्यस घृणा गर्नेहरूको अगुवाको सामना गर्न तिनीहरूले अर्कै मौलिक उपाय सोचे। तिनीहरूले थाहा पायो कि त्यो अगुवा अपाङ्ग रहेछ। एक दिन ती दम्पति त्यस अगुवाको ढोकामा खाना लिएर पुगे! आफूले घुणा गरेको दम्पतिले नै मिठो परिकार ल्याउँदा त्यो मानिस तीन छक्क पऱ्यो। तिनीहरूको मायाले गर्दा त्यस मानिसको घृणा पग्ल्यो। त्यस दम्पति त्यस अगुवालाई भेट्दै गरे र तिनीहरूको बीचमा मित्रता भयो। ऊत आफू पनि यहूदी हुन पो सोच्न थाल्यो!

"६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड्चूँड् गर्नु, र घर नभएका

गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र?" (यशैया ५८:६-७)।

धर्म भन्दापनि मानवीय सम्बन्धलाई बलियो बनाउने आत्मिक नीतिहरू कतिको महत्त्वपूर्ण छ भनेर यशैयाले चित्रण गरेका मौलिक नीतिहरूलाई यस अध्यायमा हामी सिक्नेछौं।

## १. सित्तैंमा केही कुरा किन (यशैया ५५:१-७)

**यो पद ध्यान दिएर पढ्नुहोस्ः "लौ, प्रत्येक जना जो तिर्खाएको छ पानीहरूकहाँ आऊ, तिमीहरू जोसँग पैसा नै छैन, मोल तिर्न नै सक्दैन तैपनि नभएतापनि आऊ, किन र खाऊ! "यशैया ५५:१ रूपान्तरित)। यहाँ बाझिएको कुरो तपाईंले के देख्न सक्नुहुन्छ?**

मानौं तपाईं एउटा कुनै सहरमा रहेका भोका र घरबारविहिनलाई ख्वाउने उद्देश्यले खानेकुराहरू लगेर सडकमा उभिएर बोलाउनुभयो रे "तपाईं, पैसा नहुनेहरू, आउनुहोस्, किन्नुहोस् र खानुहोस्!" तर पैसा नै छैन भने तिनीहरूले कसरी किन्न सक्छ र?

तर तपाईंले यशैयाले थपेको कुरा जोड्नुभयो भने तपाईंले के भन्न खोज्नुभएको हव त्यो स्पष्ट हुन्छ, "पैसा नभएका र मोल तिर्न नसक्नेहरू" (यशैया ५५:१ रूपान्तरित)। परमेश्वरले दिनुभएको क्षमादान सित्तैमा ग्रहण गर भनेर यशैयाले मानिसहरूलाई आग्रह गरिरहेका थिए (यशैया ५५:७)। यद्यपि, किन भन्ने शब्दले मानिसहरूको आवश्यकता के हो त्यो परमेश्वरले उपलब्ध गराउनुहुन्छ भनेर जोड दिएको थियो। मानिसहरूको चाहना र आवश्यकता मूल्यवान छ भनेर परमेश्वरले सहमत जनाउनुभएको थियो। त्यसकारण त्यो आवश्यकता र चाहनाको निम्ति कारोबार गर्नु जरुरी छ र त्यो चाहना र आवश्यकता किन्न लायकको पनि हुनुपर्छ। आफ्ना जनहरूसँग पुनर्स्थापना गरिएको करारको सम्बन्धको परिपाटीभित्र रहेर सित्तैंमा परमेश्वरले क्षमा उपलब्ध गराउनुहुन्छ। तर त्यो क्षमा उपलब्ध गराउन परमेश्वरको निम्ति सित्तैं थिएनः उहाँले आफ्नै सेवकको रक्ताम्य र भयानक मोल तिरेर त्यो क्षमा किन्नुभएको थियो। हो, मानव जीवनको निम्ति त्यो क्षमा सित्तैंमा थियो तर त्यसको निम्ति परमेश्वर आफैले सबैको अगाडि चकित पार्ने गरेर आफू नै मोल भएर तिर्नुभएको थियो।

**हाम्रो मुक्तिको निम्ति परमेश्वरले कस्तो मोल तिर्नुभएको थियो? हेर्नुहोस्, १ पत्रुस १:१८,१९ "१८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-**

**पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याइएका छौ।"**

**मुक्तिलाई यशैयाले ठानेको जस्तै नयाँ करारमा बुझिएको छ? हेर्नुहोस्, एफिसी २:८,९ "८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।"**

यशैयाले पुरानो करारमा सुसमाचारको बारेमा निचोडमा लेखेका थिए भने नयाँ करारमा पनि त्यही गरिएको छ। त्यहाँ धर्मकर्म वा काम गरेर मुक्ति पाइन्छ भन्ने कुरो "पुरानो करारमा" थिएन जुन "नयाँ करारमा" अनुग्रहद्वाराबाट मुक्ति पाइन्छ भनेर माथ गरिएको थियो। अर्थात् नयाँ करारले पुरानो करारमा दिएको मुक्तिको आधारलाई हटाइएको थिएन। आदम र हव्वालाई प्रतिज्ञा गरिएको उद्धारकर्ता (उत्पत्ति ३:१५)देखि लिएर अन्तैसम्म मुक्तिको निम्ति एउटै बाटो थियो त्यो हो विश्वासद्वारा पाउने अनुग्रह (एफिसी २:८), "हाम्रो प्रभु येशू ख्रीष्टमा पाउने अनन्त जीवन परमेश्वरले दिनुभएको बरदान हो जुन सित्तैंमा उपलब्ध गराइएको छ (रोमी ६:२३ रूपान्तरित)। बेबिलोन सभ्यताको प्रख्यात पौराणिक कथाको बिर गिलगामेशले अनन्त जीवन पाउन कठोर परिश्रम गरेको थियो तर त्यो उनले पाउन सकेन। त्यसबेलादेखि अहिलेसम्मका विभिन्न दार्शनिक, गुरु, अभिनेता र बिर भनाउँदाहरू जसले पुनर्जन्म र अवतारको बारेमा विश्वास गर्छन् मुक्ति पाउन तिनीहरू विभिन्न बाटोहरू अपनाएका थिए तर ती सबै निष्फल भएका थिए। त्यसैकारण तिनीहरूले येशूको बारेमा जान्न जरुरी छ। उहाँ नै क्रुसमा आफ्नो जीवन दिनुभएर सबैको निम्ति मुक्ति पाउने काम सम्पन्न गर्नुभएको थियो।

**मुक्ति भनेको सित्तैंमा पाइने कुरो हो र त्यो कुनै पनि हाम्रो प्रयासले उपलब्ध हुने कुरो होइन। हामीहरूको धर्मकर्म र असल कामहरूले हामीलाई मुक्ति उपलब्ध गर्न कहिल्यै पनि पर्याप्त हुँदैन। तर फेरि त्यसैबखत मुक्तिको निम्ति हाम्रो सबै थोक तिर्नुपर्छ। त्यसको अर्थ के हो? उदाहरणमा, हेर्नुहोस्, मत्ती १०:३७-३९ "३७ "जसले मलाई भन्दा बढ़ी आफ्ना बुबा वा आमालाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। जसले मलाई भन्दा बढ़ी आफ्ना छोरा वा छोरीलाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। ३८ जो आफ्नो क्रूस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन। ३९ जसले आफ्नो प्राण**

जोगाउँछ, त्यसले त्यो गुमाउनेछ, र आफ्नो प्राण मेरो निम्ति गुमाउनेले त्यो बचाउनेछ।", लूका ९:२३-२६ "२३ तब उहाँले सबैलाई भन्नुभयो, "कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्। २४ किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ। २५ किनकि सारा जगत् प्राप्त गरेर आफैलाई चाहिँ नाश पार्छ वा गुमाउँछ भने मानिसलाई के लाभ हुन्छ र? २६ तर कोही मदेखि र मेरा वचनदेखि शर्माउँछ भने मानिसको पुत्र पनि आफ्नो महिमामा, र पिताको र पवित्र दूतगणको महिमामा आउँदा त्यससँग शर्माउनेछ।", लूका १४:२५-२७ "२५ मानिसहरूको ठूलो भीड उहाँको साथ जाँदैथियो, र उहाँले फर्केर तिनीहरूलाई भन्नुभयो, २६ "यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी, छोरा-छोरीहरू र दाजुभाइ, दिदी-बहिनीहरूलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन। २७ जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन।" र फिलिप्पी ३:७,८ "७ उहाँका शक्तिको कार्यअनुसार मलाई दिइएका परमेश्वरको त्यस अनुग्रहको वरदानबमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ। ८ सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो।"

## २. उच्च बिचार र मार्गहरू (यशैया ५५:६-१३)

परमेश्वरका मार्गहरू र सोचबिचार वा वौद्धिक क्षमता हाम्रा भन्दा वा "स्वर्ग र पृथ्वी"भन्दा अति उच्च छन् (यशैया ५५:८,९) भनेर उहाँले किन भन्नुहुन्छ? त्यसको अर्थ के हो? हेर्नुहोस्, यशैया ५५:८,९ "८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।"

सारा जगत व ब्रम्हाण्ड सृष्टि गर्नुहुने परमेश्वरले सृष्टि गर्नुभएको शुक्ष्म र सानोतिनो कुरो पनि हाम्रो निम्ति रहस्यमय छ भने परमेश्वरको दिमाग र उहाँले गर्नुहुने कामको बारेमा बुझ्न हाम्रो दिमागभन्दा माथि वा दिमागैले भ्याउँदैन भन्नुमा कसैले असहमत जनाउँदैन। उहाँका संरचनाहरू अलिअलि

बुझ्न सकेपनि पूरा रूपमा बुझ्न हाम्रो क्षमता छैन। उहाँमा भएको सर्बोच्च र असिमित उच्चस्तरिय ज्ञानले गर्दा नैउहाँको सहयताको निम्ति नम्रभएर माग्नु हाम्रो निम्ति सजिलो हुनुपर्छ।

**यशैया ५५:६-९ पढ्नुहोस्। हामीले सोचेको वा कल्पना गर्न सक्नेभन्दा पनि उहाँका मार्ग र सोचहरू उच्च छन् भने उहाँले कुन सन्दर्भमा भनिरहनुभएको थियो? उहाँले के गर्नुहुन्छ जुन हामीलाई बुझ्न अति नै कठिन छ? हेर्नुहोस्, "६ जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज। उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट। ७ दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ। ८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।"**

यस जगतमा भएका सबै रहस्यहरूमा सबभन्दा ठूलो त मुक्तिको योजना हो। उहाँले तयार गर्नुभएको मुक्तिको योजनाको बारेमा हामीले सोच्न खोज्दा हामीले बुझ्न पनि हाम्रो क्षमताले भ्याउँदैन। साङ्लाले बाँधिएर रोमी साम्राज्यको कैदी भएर शहीद हुन पर्खिरहेको पावलले मुक्तिको बारेमा यसरी स्वीकार्दछन् "१९ मेरो निम्ति पनि प्रार्थना गर, कि जब म आफ्नो मुख खोल्छु तब मलाई वचन दिइओस्, र म निर्भयतासाथ सुसमाचारको रहस्य घोषणा गर्न सकूँ, २० जसको निम्ति म साङ्लाले बाँधिएको एक राजदूत हुँ, र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी म साहससँग बोल्न सकूँ।" (एफिसी ६:१९-२०)। उनले व्यक्त गरेका सुसमाचारको रहस्यमा, सारा जगतका सृष्टिकर्ता यस्तरी तल झर्नुहुन्छ कि उहाँ आफूलाई मानव चोलाले बेर्नुहुन्छ, अनेकौं दुःखकष्ट, पीडा र तिरस्कृत जीवन बिताउनुहुन्छ र हाम्रो निम्ति पापको बलि हुनुभएर निर्मम क्रुसमा मर्न तयार हुनुभयो। हामीलाई हाम्रो पापको क्षमा दिन र दया, सदाशयता तथा करुणा देखाउन उहाँले ती कदमहरू चाल्नुभएको थियो। यो सत्यले परमेश्वरका सृष्टि मानव प्राणीहरू उहाँप्रति आभारित भएर युगौं युगसम्म तिनीहरूका हृदयहरू प्रफुल्लित भएर प्रशंसा गरिरहनेछन्।

"मानिसको निम्ति परमेश्वरले चाल्नुभएको मुक्ति के होला भन्ने उल्लेखनीय विषय स्वर्गका दूतहरूले हेर्न चाहना गर्दछन्। कहिल्यै अन्त नहुने अनन्त समयसम्म मुक्तिको यो विषयनै उद्धार पाएका मानिसहरूको निम्ति

अथाह विज्ञानको विषय हुनेछ र तिनीहरूले गाउने गीतको विषय पनि त्यही मुक्ति हुनेछ। के त्यो गरिमामय विषयको अध्ययन गर्न अहिले नै योग्य छैन र? त्यसको बारेमा हामीले ध्यान गर्नुपर्दैन र?...

"मुक्तिको बारेमा अध्ययन गरिने विषय कहिल्यै पनि रित्तिँदैन। येशू ख्रीष्टको मानव अवतार, हाम्रो पाप क्षमा गर्न उहाँको बलिदान र हाम्रो निम्ति मध्यस्थ वा पहल गर्ने विषयबस्तुहरूले लगनशील र परिश्रमी विद्यार्थीको दिमागमा जबसम्म समय हुन्छ तबसम्म खेलाइनै रहनेछन्। स्वर्गको अनगिन्ती वर्षहरूसम्म ती विषयबस्तु हेरिरहनेले यसरी उद्गार व्यक्त गर्दै चिच्याउने छ, "ओहो, परमेश्वरको धार्मिकताको रहस्य कस्तो महान् छ!"-एलेन जी ह्वाइट, माइ लाइफ टुडे, पृ. ३६०बाट रूपान्तरित।

**तपाईंले आफ्नो जीवनमा कतिपय नराम्रा कामहरू गर्नुभएको होलाः कति मानिसहरूको चित्त तपाईंले दुखाउनुभयो होला, रिसको झोकमा हृदयलाई नै छेड्ने निर्दयी शब्दहरू बोल्नुभयो होला, कतिपयलाई तपाईंले निराश पार्नुभयो होला वा झुठ बोल्नुभयो होला र आफूलाई पनि आफ्नै आनिबानिले निराशमा पार्नुभयो होला। तैपनि येशूख्रीष्टद्वारा तपाईंले ती सबै क्षमा पाउन सक्नुहुन्छ र उहाँकै काम र प्रतापले तपाईं परमेश्वरको सामुन्ने सिद्ध र धर्मी भएर खडा हुन सक्नुहुन्छ। यदि यो रहस्यमय छैन भने अरू के होला?**

## ३. मित्रहरू, उपवास बस्नुहोस् (यशैया ५८:१-८)

**मानिसहरू कुन मनस्थिति लिएर उपबास बस्छन् भनेर यशैया ५८:३मा गरिएको सम्बोधन हेर्नुहोस्, "३ तिनीहरू भन्छन्, 'हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न? हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न?' "तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ।"**

यहाँ सम्बोधन गरिएको उपबास क्षमा पूजा अर्थात् प्रायश्चितको दिनको उपबास हुनुपर्छ किनकि परमेश्वरले केवल त्यो दिनमामात्र उपबास बस्नु भनेर इस्राएलीहरूलाई आदेश दिनुभएको थियो। त्यो दिनको बारेमा मोशाले यसरी सम्बोधन गरेका थिए, "२९ "तिमीहरूका निम्ति यो अनन्तको विधि होस्। सातौं महिनाको दशौं दिनमा तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। चाहे घरमा जन्मेको होस्, चाहे तिमीहरूका बीचमा वास गर्ने परदेशी होस्, कसैले पनि कुनै किसिमको काम नगर्नू, ३० किनभने त्यसै दिन तिमीहरूलाई शुद्ध पार्नलाई तिमीहरूका निम्ति प्रायश्चित गरिन्छ। तब

परमप्रभुको सामुन्ने सबै पापबाट तिमीहरू शुद्ध हुनेछौ। ३१ यो तिमीहरूका निम्ति विश्रामको शबाथ हो। तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। यो सदाको लागि एउटा आदेश हो" (लेवीहरू १६:२९-३१) र "२६ परमप्रभुले मोशालाई भन्नुभयो, २७ "सातौं महिनाको दशौं दिनचाहिँ प्रायश्चितको दिन होस्। त्यस दिन तिमीहरूले पवित्र सभा राख्नू। तिमीहरूले आफैलाई इन्कार गर्नू,* र तिमीहरूले परमप्रभुको निम्ति अग्नि-होम चढ़ाउनू। २८ त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नू, किनभने परमप्रभुको सामुन्ने तिमीहरूका निम्ति प्रायश्चित गरिने यो प्रायश्चितको दिन हो। २९ त्यस दिन जसले आफूलाई इन्कार गर्दैन, त्यो आफ्ना मानिसहरूबाट बहिष्कार गरिओस्। ३० त्यस दिन कुनै किसिमको काम गर्ने मान्छेलाई त्यसका मानिसहरूमध्येबाट म नाश गर्नेछु। ३१ तिमीहरूले कुनै किसिमको काम नगर्नू। तिमीहरूले जहीं बसोबास गरे तापनि तिमीहरूका पुस्तौं-पुस्तौंका निम्ति यो अनन्तको विधि होस्। ३२ तिमीहरूका निम्ति यो विशेष विश्रामको शबाथ होस्, र तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। त्यस महिनाको नवौं दिनको साँझदेखि भोलिपल्ट साँझसम्म तिमीहरूले आफ्नो शबाथ पालन गर्नू" (लेवीहरू २३:२६-३२)।

लेबीमा व्यक्त गरिएका भावनाहरू यशैया ५८:३मा समानान्तररुपमा यसरी उतारिएको छ "हामीहरू नम्र भयौ।" यी शब्दहरू लेबीको पुस्तकमा लेखिएको शैली हो। नम्र हुनु, इन्कार गर्नु वा आफूलाई कष्ट दिनु भन्नुको अर्थ आफ्नो इच्छालाई त्याग्नु, उपबास बस्नु जस्ता अर्थहरू बुझाउँछ। हेर्नुहोस्, भजन ३५:१३-१५ "१३ तिनीहरू बिरामी हुँदा, मैले भाङ्ग्राको वस्त्र लगाएँ, र उपवास बसेर आफूलाई दीन बनाएँ। जब मेरा प्रार्थना उत्तरविनै फर्केर आए, १४ मेरा मित्र र मेरो भाइको निम्ति शोक गरेझैं म शोक गर्दै हिँडें। आफ्नी आमाको निम्ति विलाप गरेझैं शिर झुकाएर मैले शोक मनाएँ। १५ तर जब मैले ठेस खाएँ, हाँसो गर्दै तिनीहरू मेरो विरुद्धमा एकत्र भए। मैले थाहै नपाएको बेलामा आक्रमणकारीहरू मेरो विरुद्धमा जम्मा भए। तिनीहरूले लगातार मेरो निन्दा गरे।" र दानिएल १०:१-१२ "१ फारसका राजा कोरेसको तेस्रो वर्षमा दानिएललाई (जसलाई बेलतसजर भनिन्थ्यो) एउटा दर्शन दिइयो। यस दर्शनको सन्देश सत्य थियो र यो एक ठूलो लड़ाइँको बारेमा थियो। त्यस सन्देशको अर्थ तिनलाई दर्शनमा प्राप्त भएको थियो। २ त्यस बेला म, दानिएल, तीन हप्तासम्म शोक गर्दैरहें। ३ मैले कुनै मीठो खाना खाइनँ, न मासु न दाखमद्य मेरो मुखमा पऱ्यो, र तीन हप्ता नबितेसम्म मैले कुनै पनि किसिमको तेल घसिनँ। ४ पहिलो महिनाको चौबीसौं दिनमा ठूलो नदी

टाइग्रिसको किनारमा जसै म उभिरहेको थिएँ, ५ मैले माथि हेरें र मेरो अगि कम्मरमा अति राम्रो सुनको पेटी बाँधी सूतीको लुगा लगाएका एक जना मानिसलाई देखें। ६ तिनको शरीर पीतमणिजस्तै चहकिलो थियो, तिनको अनुहार बिजुलीझैं चम्कन्थ्यो, तिनका आँखा राँकोझैं बलिरहेका थिए। तिनका हात र खुट्टाहरू टल्काइएको काँसोजस्तै र तिनको स्वर ठूलो भीड़को स्वरझैं थिए। ७ म, दानिएलले मात्र त्यो दर्शन देखें। मसँग भएका मानिसहरूले त्यो देखेनन्, तर तिनीहरूलाई यति डर आयो कि तिनीहरू भागे र आफै लुके। ८ यसकारण म त्यस महान् दर्शन हेर्दैरहेको अवस्थामा एकलै छोड़िएँ। ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेंलो भयो र म असहाय भएँ। ९ तब तिनले बोलेका मैले सुनें र जसै मैले तिनको कुरा सुनें, म जमिनमा घोप्टो परेर मस्त निद्रामा परें। १० एउटा हातले मलाई छोयो र म डरले कामेकै अवस्थामा मेरा हात र घुँड़ामा उभिन लगायो। ११ तिनले भने, “दानिएल, तिमी जो अति नै सम्मान गरिएका छौ, मैले तिमीलाई भन्न लागेका वचनहरूमा राम्रोसँग विचार गर, र खड़ा होऊ, किनभने म तिमीकहाँ पठाइएको छु।” जब तिनले यो मलाई भने, म डरले थरथर काम्दै उभिएँ। १२ तिनले भन्दैगए, “नडराऊ दानिएल, तिमीले आफ्नो मन समझतिर लगाएको र तिम्रा परमेश्वरको सामु आफैलाई नम्र तुल्याएको पहिलो दिनदेखि नै तिम्रा शब्दहरूको सुनुवाइ भएको थियो, र म तिनकै प्रतिउत्तरमा आएको छु।"

"तिम्रो आवाज तुरही जस्तो ठूलो स्वरले उठाऊ!" (यशैया ५८:१) भन्दा प्रायश्चितको दिनको परिवेशलाई बुझाउँछ। त्यो तुरही भनेको भेंडाको सिङ खालको हुन्थ्यो जसलाई शोफर भनिन्छ। प्रायश्चितको दिनको दश अघि त्यो फुकेर मानिसहरूलाई याद दिलाउँथ्यो (लेबी २३:२४)। फेरि, प्रत्येक पन्द्र बर्षको प्रायश्चितको दिनमा पुनर्स्थापनाको वर्ष वा स्वतन्त्र भएको खुशियालीको दिनको घोषणा गर्न (लेबी २५:९,१०सँग यशैया २७:१३ हेर्नुहोस्) तुरही फुकिन्थ्यो।

**यशैया ५८:१-७ पढ्नुहोस्। यहाँ धर्मको नाउँमा इस्राएलीहरूले उपबास त बसे त र त्यसको उपबासको बारेमा परमेश्वरले कस्तो गुनासो पोखाउनुभएको थियो? तिनीहरूको उपबास किन गलत थियो? हेर्नुहोस्, "१ “चर्को गरी करा, नथाम्। तुरहीको आवाज जस्तै उच्च सोरले करा। मेरो प्रजालाई तिनीहरूको बागीपन र याकूबको घरानालाई तिनीहरूका पाप जनाइदे। २ किनकि तिनीहरूले मलाई दिनहुँ खोज्छन्। जे ठीक छ त्यही गर्ने र आफ्ना परमेश्वरको आज्ञा भङ्ग नगर्ने तर मेरो मार्ग जान्न इच्छा गर्ने**

**जातिजस्तै तिनीहरू देखिन्छन्। तिनीहरू मसँग उचित निर्णयहरू माग्छन्, र परमेश्वर तिनीहरूका नजिकै आऊन् भनी उत्सुक भएका देखिन्छन्। ३ तिनीहरू भन्छन्, 'हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न? हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न?' "तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ। ४ तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको सोर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ। ५ के मैले चुनेको उपवास यस्तै हो? मानिसले आफैलाई एक दिन मात्र विनम्र राख्ने? के निगालोझैं आफ्नो शिर झुकाउने र भाङ्ग्रा र खरानी ओछ्याउने दिन मात्र यो हो? के यसैलाई तिमीहरू उपवास र परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ? ६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र?" (यशैया ५८:१-७)।**

मानिसहरू धर्मात्मा भएको, भक्ति र आफूहरू कति पवित्र छु भनेर देखाएको कारणले परमेश्वरले तिनीहरूलाई श्यावासी वा बधाईं देउन् भनेर तिनीहरूले अपेक्षा गरेका थिए। तर तिनीहरूले जे गरे त्यो परमेश्वरको चाहना बिपरित उल्टो उल्टो गरेका थिए। प्रायश्चितको दिनमा नम्र हुनु वा आफूलाई इन्कार गर्नु वा उपवाश बस्नुको अर्थ त्यस दिनको निम्ति परमेश्वरप्रति कृतज्ञ देखाउनु र उहाँप्रति बफादारी भएको देखाउनु थियो। त्यो दिन मूल पुरोहित पवित्र मन्दिरको महा पवित्र स्थानमा जान्थे र त्यसको शुद्धिकरण गरिन्थ्यो। त्यसको अर्थ वर्षभरि इस्राएलीहरूले गरेका पापहरूलाई परमेश्वरले क्षमा दिइसक्नुभएको देखाउँथ्यो (लेबी १६ र ४ हेर्नुहोस्)। त्यसकारण तिनीहरूले गर्ने विधिहरू परमेश्वरप्रति धन्यवादी र आभारित भएर गर्नुपर्थ्यो। न्यायको दिनमा तिनीहरूलाई उद्धार गरिएको भनेर तिनीहरूले विश्वास गर्नुपर्थ्यो। तर त्यसको सट्टा तिनीहरूले आफू कति न कति धर्मात्मा, भक्त र शुद्ध छु भनेर देखाएको कारणले तिनीहरूको कामलाई परमेश्वरले अनुमोदन गर्नुपर्ने र श्याबास दिनुपर्ने भनेर तिनीहरूले दावी गरेका थिए। मानिसहरूकै पापले गर्दा परमेश्वरको मन्दिर अपवित्र भएको थियो। तिनीहरूले जे गरे त्यसलाई शुद्ध गर्न वा पखाल्न पशुको रगत बगाइएको थियो।

**येशूलाई विश्वास गर्छु भन्नेहरूको निम्ति माथिका पदहरू चुनौतिपूर्ण र निर्णाएक छन्। धर्मको खोल लगाएर आफू इसाई वा धर्मात्मा हुँ भनेर देखाउने हो कि सही रूपमा येशूको अनुयायी भनेर देखाउने भन्ने भावनालाई माथिका पदहरूले हामीलाई निर्णायत्मक पाठ सिकाउँदछन्। धर्मको खोल ओढ्ने र इमान्दारी भएर येशूको सत्यवादी भक्त हुनेको बीचमा के भिन्नता छ भनेर ती पदहरूले हामीलाई कसरी देखाउँछन्? हामीहरू चर्च होस् वा व्यक्तिगतमै होस् हामीहरूका नियमित धार्मिक विधिहरूले हामी धर्मात्मा वा अरूभन्दा असल छौं भन्ने खतरा मनस्थितिबाट हामी कसरी जोगिने? हामी परमेश्वरको इच्छा अनुसार नै चलिरहेका छौं भनेर कसरी देखाउने?**

## ४. सही उपबासको निम्ति सत् प्रयास (यशैया ५८:१-१२)

**तुरही फुकेको दश दिनपछि** प्रायश्चितकै दिनमा परमेश्वर उहाँका जनहरूको राजा हुनुहुन्छ भनेर तिनीहरूलाई सम्झाइएको थियो। त्यसबेला उहाँका जनहरू नम्र भएर आफूलाई त्यागेर वा उपबास बसेर परमेश्वर तिनीहरूको राजा हुनुहुन्छ भनेर उहाँप्रति बफादारी हुँदै प्रतिवद्धता जनाउँथ्यो। तर तुरही जस्तो स्वर उठाएर ती मानिसहरू परमेश्वरप्रति बफादार नभएर उहाँको बिरोधमा विद्रोह गरेका छन् भनेर यशैया ५८:१मा अगमवक्ताले ती मानिसहरूप्रति घोर आपत्ती जनाउँछन् (यशैया ५८:१)।

**यशैया ५८:६-१२ पढ्नुहोस्। परमेश्वरको सामु सही उपबास के हो? आफ्नो भाऊ नखोज्ने, निश्वार्थी हुने र अरूको भलोमा लागि रहनु नै सत्य उपबास वा स्वार्थ त्याग होइन र? कुनचाहीं गाऱ्हो छ? केही खाना नखाउनु वा तपाईंको समय र पैसा उपयोग गरेर तपाईंको सहरमा रहेको घरबारविहिनलाई खाना ख्वाउनु? ती सबैको नीति वा आदर्श संस्कार के हो? परमेश्वरको उपासक हुँ भनेर देखाउनुमा ती कामहरू किन र कसरी समावेश हुनुपर्छ?**

जो पनि धार्मिक प्रवृत्ति भएको मानिस वा धर्मात्मा भनेर देखाउन सक्दछ, जो पनि विभिन्न धार्मिक रीतिथिति, परम्परा र विधिहरू पालन गर्न सक्छ। ती ठीकै विधिहरू किन नहोस्, ठीक समयमा ठीक तरिकाले **सम्पन्न** गर्न सकिन्छ। तर परमेश्वरको सामु त्यतिमात्र भएर पुग्दैन भनेर उहाँले देखाउन चाहनुहुन्छ। येशूको जीवनीलाई हेर्नुहोस्। उहाँको समयमा उहाँले धार्मिक परम्परा मान्नुभएतापनि सुसमाचारका लेखकहरूले उहाँका धार्मिक विधिहरू वा उहाँले परम्परा मान्नुभएकोतिर ध्यान दिएको देखिन्दैन। बरू

धार्मिक रीति वा परम्परा मानेर धर्मका अगुवाहरूलाई रिझाउनुको सट्टा उहाँले आवश्यक परेकाहरूलाई दया देखाउनुभएको थियो, बिरामीहरूलाई निको पार्नुभएको थियो, भोकाहरूलाई ख्वाउनुभएको थियो र क्षमा दिने काममा उहाँले अग्रसरता देखाउनुभएको थियो।

यस संसारमा सत्यको प्रचार गर्ने चर्च र मानिसहरूलाई उहाँले खोज्नुहुन्छ। तर सत्यतिर मानिसलाई आकर्षित गर्ने येशूको तरिका अपनाउनु भन्दा अरू के मूल्यवान छ? धार्मिक विधिविधान र खानपिनमा कट्टर हुनु महत्त्वपूर्ण छ कि भोकाएकाहरूलाई खाना ख्वाउनु? साबथमा कट्टर भएर बिश्राम लिनु उचित छ कि, तपाईंको समय र उर्जा वा जोशले आवश्यक परेकाहरूलाई सहयोग गर्नु?

**मत्ती २५:४० र याकूब १:२७ हेर्नुहोस्। ती पदहरूले हामीहरूलाई के सन्देश दिइरहेको छ? हेर्नुहोस् "३१ "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। ३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। ३३ उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४ "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।' ३७ "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' <u>*४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।'*</u> ४१ "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका**

दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ। ४२ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ। तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ। ४३ म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ। नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ।' ४४ "तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, 'प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं?' ४५ "तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ।' ४६ "तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्'" (मत्ती २५:३१-४६) र "२६ यदि कोही मानिसले आफूलाई धर्मी सम्झन्छ, र आफ्नो जिब्रोमा लगाम लाउँदैन, तर आफ्नो हृदयलाई धोका दिन्छ भनेता त्यस मानिसको धर्म व्यर्थ हुन्छ। _२७ परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु" (_याकूब १:२६-२७)।

यशैया ५८ पढ्नुहोस्। दुर्भाग्यको मारमा परेकाहरूको सेवा गर्दा कस्तो अनुभव र नतिजा हुन्छ भनेर परमेश्वरले के भन्नुभएको छ? परमेश्वरले हामीलाई यहाँ के भनिरहनुभएको छ? यस अध्यायमा दिएका प्रतिज्ञाहरू के परमेश्वरले हाम्रो जीवनमा अलौकिक ढङ्गले पूरा गर्नुहुन्छ वा जब हामी अरूको सेवामा लाग्दा स्वभाविकैरूपमा हामी आशिष पाउँछौ? यस संसारमा स्वार्थीपना, आफ्नो भाऊ खोज्ने प्रवृत्ति, लोभी हुने र आफ्नोमात्र हित खोज्ने मानिसहरूको ताँती छ। सोच्नुहोस् र हेर्नुहोस् परमेश्वरको मार्मिक आह्वान "१ "चर्को गरी करा, नथाम्। तुरहीको आवाज जस्तै उच्च सोरले करा। मेरो प्रजालाई तिनीहरूको बागीपन र याकूबको घरानालाई तिनीहरूका पाप जनाइदे। २ किनकि तिनीहरूले मलाई दिनहुँ खोज्छन्। जे ठीक छ त्यही गर्ने र आफ्ना परमेश्वरको आज्ञा भङ्ग नगर्ने तर मेरो मार्ग जान्न इच्छा गर्ने जातिजस्तै तिनीहरू देखिन्छन्। तिनीहरू मसँग उचित निर्णयहरू माग्छन्, र परमेश्वर तिनीहरूका नजिकै आऊन् भनी उत्सुक भएका देखिन्छन्। ३ तिनीहरू भन्छन्, 'हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न? हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न?' "तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई

तिमीहरू शोषण गर्दछौ। ४ तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको सोर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ। ५ के मैले चुनेको उपवास यस्तै हो? मानिसले आफैलाई एक दिन मात्र विनम्र राख्ने? के निगालोझैं आफ्नो शिर झुकाउने र भाङ्ग्रा र खरानी ओछ्याउने दिन मात्र यो हो? के यसैलाई तिमीहरू उपवास र परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ? ६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, 'म यहीं छु'। "यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ। १३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा

**याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ" (यशैया ५८)।**

## ५. हामीलाई दिइएको समय वा बिश्राम (यशैया ५८:१३,१४)

**यशैयाले यशैया ५८:१३,१४मा साबथको बारेमा चर्चा किन गर्दछन्? अगाडि उल्लेख गरिएका प्रायश्चितको दिनको परिवेशमा साबथको के सम्बन्ध छ? हेर्नुहोस्, "१३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।"**

वार्षिक पश्चातापको दिन साबथ दिन थियो। यो विशेष समारोहको साबथ (यो हप्ताको सातौं दिन बिश्रामाबारमा पर्छ भन्ने छैन) हप्ताको सातौं दिन साबथ जस्तै विशेष समारोहको दिन थियो। यस दिनमा सबै खालका कामहरू गर्न मनाही गरिएको थियो (लेबी २३:२७-३२ "२६ परमप्रभुले मोशालाई भन्नुभयो, २७ "सातौं महिनाको दशौं दिनचाहिँ प्रायश्चितको दिन होस्। त्यस दिन तिमीहरूले पवित्र सभा राख्नू। तिमीहरूले आफैलाई इन्कार गर्नू (उपबास बस्नु र आफू खुशी नहिँड्नु) र तिमीहरूले परमप्रभुको निम्ति अग्नि-होम चढ़ाउनू। २८ त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नू, किनभने परमप्रभुको सामुन्ने तिमीहरूका निम्ति प्रायश्चित गरिने यो प्रायश्चितको दिन हो। २९ त्यस दिन जसले आफूलाई इन्कार गर्दैन, त्यो आफ्ना मानिसहरूबाट बहिष्कार गरिओस्। ३० त्यस दिन कुनै किसिमको काम गर्ने मान्छेलाई त्यसका मानिसहरूमध्येबाट म नाश गर्नेछु। ३१ तिमीहरूले कुनै किसिमको काम नगर्नू। तिमीहरूले जहीँ बसोबास गरे तापनि तिमीहरूका पुस्तौं-पुस्तौंका निम्ति यो अनन्तको विधि होस्। ३२ तिमीहरूका निम्ति यो विशेष विश्रामको शबाथ होस्, र तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। त्यस महिनाको नवौं दिनको साँझदेखि भोलिपल्ट साँझसम्म तिमीहरूले आफ्नो शबाथ पालन गर्नू।" (लेवीहरू २३:२६-३२)।

त्यसकारण सुरुका सेभेन्थ-डे एडभेन्टिस्टहरूले मानेको अनुसार प्रायश्चितको दिनको साबथ पनि बेलुकादेखि बेलुकासम्म मानिएको हुन्थ्यो

(लेबी २३:३२)। त्यसले गर्दा साप्ताहिक साबथ पनि बेलुकादेखि बेलुकासम्म हुनुपर्छ भनेर हामीले स्वीकार गर्नु जरुरी छ। यशैया ५८:१३,१४मा उल्लेख गरिएको साबथ प्रायश्चितको दिनको समारोहसँग मूख्य सम्बन्धित भएतापनि यो अवधारणा साप्ताहिक साबथमा पनि लागु गर्नुपर्ने सन्देश हामीलाई छ।

**यशैया ५८:१३ फेरि पढ्नुहोस्। " "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने।" साबथ दिन कस्तो हुनुपर्ने हो? हाम्रो जीवनमा परमेश्वरले दिनुभएको साबथको अवधारणालाई कसरी चरितार्थ गर्ने? फेरि, साबथले केको प्रतिनिधित्व गर्छ भनेर सोच्दा यहाँ उल्लेख गरिएको अनुसार साबथ पालन गर्नु किन उचित हुन्छ?**

यशैया ५८मा तीन मूख्य विषयबस्तुहरूको बारेमा चर्चा गरिएको छः आफूलाई त्याग्नु वा आफू खुशी नगर्नु, सामाजिक दया वा परोपकार र साबथ।

*<u>ती तीन विषयबस्तुहरूको एक आपसमा के सम्बन्ध छ?</u>*

पहिलो त, यी तीनै विषयबस्तुहरू परमेश्वरतिर ध्यान दिनुपर्ने कुरा समावेश भएको छ। उहाँका प्राथमिकताहरू के हुन् र उहाँमाथि हाम्रो भर पर्छौं भन्ने हाम्रो स्वीकार हुनुपर्ने जनाइएको छ। दोस्रोमा जब हामी यी तीनै नीतिहरूमा चल्दा मानव जाति परमेश्वरको पवित्रताको अनुसरण गरेको हुन्छ ("परमप्रभुले मोशालाई भन्नुभयो, २ "सबै इस्राएली समुदायलाई भन्: 'तिमीहरू पवित्र होओ, किनभने म, परमप्रभु तिमीहरूका परमेश्वर, पवित्र छु" (लेवीहरू १९:१-२)। उहाँ त्यही पवित्र परमेश्वर हुनुहुन्छ जो हाम्रो माझमा मानवीय येशूको रुप धारणा गर्नुभयो र आफूलाई नम्र तुल्याउनुभयो वा होच्याउनुभयो (फिलिप्पी २:८), निस्वार्थी भएर अरूको परोपकार र दयामा संलघ्न हुनुभयो र सृष्टिको अन्तिम हप्ताको साबथमा आफ्नो कामबाट बिश्राम लिनुभयो (उत्पत्ति २:२, प्रस्थान २०:११)।

**निश्वार्थी हुने वा आफू खुशी नचल्ने, सामाजिक दया वा परोपकारमा संलघ्न हुने र साबथका विषयबस्तुहरूको बीचमा कस्तो गाँठो छ भनेर यशैया ५८ले देखाएको हेर्नुहोसः हप्ताभरि परिश्रम वा काम गरेर साबथमा ती कामबाट हामी स्वतन्त्र हुन्छौं जसले हामीलाई ताजा बनाउँछ, नयाँ हप्ताको सामना गर्न फूर्ति ल्याउँछ र आराम दिन्छ (प्रस्थान २३:१२, मर्कूस २:२७), साबथमा कस्तो खालको काम उचित छ भनेर येशूले देखाउनुभएको थियो**

**(मर्कूस ३:१-५, यूहन्ना ५:१-१७), सही रूपमा साबथ पालन गर्दा हामीलाई आनन्दित तुल्याउँछ (यशैया ५८:१४), जब हामीले अरूलाई सहयोग गर्छौं तब त्यसबेला हामी पनि खुशी हुन्छौं (यशैया १०:१०:११)। ती आशिषहरू तपाईंले अनुभव गर्न तपाईंको जीवनमा के परिवर्तन ल्याउन आवश्यक छ?**

**उपसंहारः**

**थप जानकारीः** "कोही मानिस पनि निश्वार्थी वा आफ्नो भाऊ नखोज्ने भएर उदारवादी हुने नीतिलाई व्यवहारमा उतार्न सक्दैन। केवल सरल जीवन, निश्वार्थी वा आफ्नो स्वार्थलाई त्याग गर्ने नीति र आर्थिक मितव्ययीता वा बुद्धिपुऱ्याएरमात्रै खर्च गर्ने बानीले यस संसारमा हामी येशूका प्रतिनिधीहरू हौं भनेर देखाउँदै उहाँले हामीलाई सुम्पनुभएको काम फत्ते गर्न सम्बभ हुन्छ। अहङ्कारी हुने, अभिमानी हुने, घमण्डी हुने, आफ्नो भाऊ खोज्ने र सांसारिक अभिलाषा वा लालसाहरूलाई हाम्रो हृदयबाट हताउनु आवश्यक नै छ। हामीले गर्ने सबै काममा येशूको जीवनमा प्रकट गर्नुभएको निस्वार्थका नीतिहरू अपनाउनु जरुरी छ। हामीहरूका घरका भित्ताहरूमा, हाम्रा पर्खालमा राखिने चित्र वा फोटोहरूमा, घरमा सजाउने कुराहरूमा यो पढ्न सक्नु आवश्यक छ, "बाहिर फैंकिएका गरिबहरूलाई तिम्रो घरमा ल्याउनु।" हामीहरूको लुगा राख्ने दराजहरूमा परमेश्वरको औंलाले यो लेखिएको हेर्नु आवश्यक छ, "नाङ्गोहरूलाई लुगा लगाइ दिनु।" हामीहरूको भान्सामा भएको प्रसस्त खानेकुराहरूमा यो वचन लेखिएको आभास पाउनुपर्छ "के भोकाएकाहरूलाई तिम्रो खानेकुरा दिनलाई होइन र?' यशैया ५८:७"-एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. २०६बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ. यशैयाले उनका समयमा रहेका मानिसहरूलाई सोधेका प्रश्नलाई सोच्नुहोस्ः "राटो वा खानेकुरालाई खर्च नगरि तिमीले आफ्नो पैसा किन खर्च गर्छौं र तिमीलाई संतुष्ट नबनाउने काममा किन परिश्रम गर्छौं?" (यशैया ५५:२ रूपान्तरित)। तपाईं आफूले आफैलाई सोध्नु होस्, तपाईंले के काम वा परिश्रम गरिरहनुभएको छ जसले तपाईंलाई संतुष्ट तुल्याउँदैन वा चित्त बुझाउँदैन? यस धरापमा हामी फस्न किन सजिलो छ?**

**आ.** **यदि स्वार्थ त्याग वा आफू खुशी गर्नुबाट जोगिनु, सामाजिक दया वा परोपकार देखाउनु र साबथ यशैयाको दिनमा भएको पश्चातापको समारोहमा आवश्यक छ भने के युगको अन्तमा हुने पश्चातापको दिनको निम्ति पनि महत्त्वपूर्ण र जरुरी छैन र (न्यायको दिन, दानिएल ८:१४)? येशूको दोस्रो आगमनमा सबैलाई हर्षित पार्ने परमेश्वरको त्यो तुरही फुक्ने छ जब पाप अधर्मबाट हामी स्वतन्त्र हुनेछौं भनेर घोषणा गरिनेछ (१ कोरन्थी १५:५२सँग लेबी २५:९,१० हेर्नुहोस्)। यस मामिलामा सोच्नुहोस्।**

**इ.** **साबथ पालन गर्नु भनेको के हो सो सोच्नु होस्। आफू खुशी वा मोजमज्जा, रमझम वा मनोरञ्जन नगरी यो दिनलाई रमाइलो र उल्लासमय भनेर कसरी हामी कहलाउन सक्छौं (यशैया ५८:१३)? हामी त्यस दिनलाई कसरी खुशियाली मनाउने र उल्लासमय बनाउने? यो यशैया ५८को परिवेशमा बुझ्न खोज्नुहोस्।**

**सारांशः** मानिसहरूको आफ्नै सोच बिचार, हिंड्ने बाटोहरू वा आफू नै ठीक छु भन्ने मनोबृत्ति वा रवैयालाई त्यागेर परमेश्वरतिर फर्क भनेर अगमवक्ता यशैयाले यशैया ५५, ५८मा जाहेर गरिएको छ। मानिसहरूले आफूहरूको निम्ति सोच्ने भन्दा तिनीहरूप्रति परमेश्वरको आदर्श नीति र तिनीहरूलाई खुशी पार्ने उहाँको सोच अति उच्च छ। उहाँले सदाशयता देखाएर मानिसहरूलाई क्षमा दिनुभयो र दया देखाउनुभयो अनि उहाँले हामीले पनि सदाशयता देखाएर अरूलाई क्षमा दिनुपर्छ भनेर उहाँले जिकिर गर्नुहुन्छ। यो नीति पश्चातापको दिन र साबथको आत्मियतासँग मिल्दछ किनभने परमेश्वरको बरदान वा उपहार नै क्षमादान हो। यदि यो हामीले आत्मसात् गर्न सक्यौं भने हामीहरूको हृदयलाई नै आमूल परिवर्तन गर्न सक्दछ।

# कथा ११

## किताब र स्कूल

## टाट्याना सोकोलोभस्काया, ७२ र आन्द्रै सोकोलोभस्की ३७, किर्गिजस्तान

टाटिन्याना किर्गिजस्तानको टोकमोक सहरमा रहेकव सेभेन्थ-डे एडभेन्टस्ट स्कूलमा शिक्षिका भएर काम गर्थिन्। त्यस स्कूलमा उनलाई त्यसको स्कूलको प्रिन्सिपलले रसियन भाषा र साहित्य पढाउन काम पाएकी थिइन्। त्यो काम त्यस स्कूलमा पाउँछिन् भनेर उनले अपेक्षा गरेका थिएनन्।

एक दिन उनी आफ्नो कामबाट फर्केर घर जाँदै गर्दा पुरानो किताबहरू बेच्ने पसलमा रोकिन्। उनले त्यहाँ धेरै किताबहरू किनिन्। अनि किताब पसलेले एउटा किताब दिएर उनलाई भनिन् "यो किताब तपाईंलाई मेरो तर्फबाट उपहार हो।" सित्तैंमा पाएको किताब नाईं भन्ने पक्षमा टाट्यना थिएन। उनले त्यो किताब लिएर अरू किताबहरूको निम्ति पैसा तिरेर घर फर्किन्। उनले सबै किताबहरू आफ्नो झोलामा हालिन्। घरमा आएर त्यस पसलेले दिएको किताब के रहेछ भनेर हेर्दा एलेन जी ह्वाइटले लेखेको "द ग्रेट कन्त्रोभर्सी" थियो। उनले एलेन जी ह्वाइटको बारेमा कहिल्यै पनि सुनेको थिएन। त्यो किताब उनले सरर हेरिन् र त्यहाँ एक जना पाभेल नोस्कोभ नाउँ भएको मानिसको सम्पर्क ठेगाना अन्तिम पानामा देखिन्। त्यो सम्पर्क ठेगाना आफू बसेकै अपार्टमेन्ट भवनमा रहेछ। यो देखेर उनलाई अचम्म लाग्यो। केही दिनसम्म उनले आफ्नो छिमेकी पाभेलको बारेमा सोच्न थालिन्। एक दिन आफूले काम गरेको स्कूलमा एक जना शिक्षिकाको थर पाभेल भएको उनले जानिन्। आफूले उपहार पाएको पुस्तक हातमा लिएर त्यस शिक्षिका आरिनाकहाँ गइन् र सोधिन् "के तपाईं पाभेलको श्रीमती हो?" "हो, पाभेल मेरो श्रीमान हुनुहुन्छ" आरिनाले जवाफ दिइन्। टाट्यानाले आरिनाको परिवार सेभेन्थ-डे एडभेन्टिस्ट भएको र प्रत्येक साबथ चर्चमा जाने गरेको थाहा पाइन्। आरिनाले टाट्यना र उनको छोरो आन्ड्रइलाई आफू र आफ्ना श्रीमान पाभेलसँग भेटघाट र कुराकानी गर्न बोलाइन्। पाभेलले टाट्यनालाई एडभेन्टिस्टको बारेमा बताए र एलेन जी ह्वाइट तिनीहरूको प्रिय लेखिका र अगमवक्ता भनेर पनि सुनाए। त्यसप्रति आकर्षित भएर "द ग्रेट कन्त्रोभर्सी" अत्यन्तै चासो मानेर पढिन्। पाभेल र आरिनाको घरमा प्रत्येक हप्तामा हुने

बाइबल अध्ययनमा टाट्यना र उनको छोरो आन्ड्रेइ सहभागी हुन थाले। जब पाभेलको आमा बिरामी भइन् र सानो झुण्डलाई  बाइबल अध्ययन गर्न नयाँ ठाउँ चाहिएको भएपछि टाट्यनाले आफ्नो घर बाइबल अध्ययनको निम्ति खोलिन्।

केही हप्तापछि आत्मिक सङ्कट आयो। कि त एडभेन्टिस्ट हुनु कि त एडभेन्टिस्टहरूसँगको सम्बन्ध नै बन्द गर्नुपर्ने टाट्यना र आन्ड्रेइको बीचमा बलियो महसुस भयो। तिनीहरूले पाभेललाई के गर्ने भनेर सुनाए। "यस संकटबाट केवल परमेश्वरलेमात्र तपाईंहरूलाई बचाउनुहुन्छ" भनेर पाभेलले भने। टाट्याना र पाभेल सँगसँगै प्रार्थना गरे। अनि टाट्यानाले पहिलो पल्ट चर्चमा जाने निर्णय गरिन्। जब उनी चर्चमा गइन् तब त्यहाँको जस्तो अनुभव टाट्यनाले पहिले कहिल्यै पनि गरेको थिएन। चर्चका सदस्यहरू न्यानो थिए र उनलाई हार्दिक सत्कार गरे। पाहुनाहरू आउँदा तिनीहरू अत्यन्तै खुशी भएका थिए र पुरानो साथीसँग मिलेको जस्तै अनुभव त्यहाँ भएको थियो। टाट्यना र आन्ड्रेइले आफ्नै घरमा आएको जस्तो महसुस गरे। अप्रिल ६, २०१९मा दुवै आमाछोराले बप्तिस्मा लिए। एडभेन्टिस्ट स्कूलले गरेर नै आफू र आफ्नो छोरो परमेश्वरतिर आउन पाएको भनेर टाट्यनाले भन्छिन्। "यो स्कूललाई म धन्यवाद दिन्छु। यदि यहाँ म यस स्कूलमा काम नगरेको भए म किताब पसलमा जाने  थिइँन र हाम्रा छिमेकीहरूमा एडभेन्टिस्ट पनि हाम्रो अपार्टमेन्टमा रहेछ भनेर थाहा हुने थिएन। हामीले एडभेन्टिस्ट चर्चको बारेमा पनि थाहा हुने थिएन। परमेश्वरले नै हाम्रो बाटो डोऱ्याउनुभएको थियो" टाट्यनाले खुशी भएर यस लेखकलाई सुनाइन्।

**-आन्ड्र्यु मेकचेस्नी**